**Signature and Name of Invigilator**

1. (Signature) ____________________

   (Name) ____________________

2. (Signature) ____________________

   (Name) ____________________

**OMR Sheet No. :** ..........................................

(To be filled by the Candidate)

**Roll No.** | | | | | | | | |

(In figures as per admission card)

**Roll No.** ____________________

(In words)

**J 3 4 1 5**

# PAPER - III
# NEPALI

**Time : 2½ hours]** **[Maximum Marks : 150**

Number of Pages in this Booklet : **16** Number of Questions in this Booklet : **75**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of seventy five multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the Test Booklet Number should be entered on the OMR Sheet and the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (1), (2), (3) and (4). You have to darken the circle as indicated below on the correct response against each item.

   **Example :** ① ② ● ④ where (3) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Booklet only.** If you mark your response at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
9. You have to return the original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are however, allowed to carry original question booklet and duplicate copy of OMR Sheet on conclusion of examination.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There are no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. इस पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए।
2. इस प्रश्न-पत्र में पचहत्तर बहुविकल्पीय प्रश्न हैं।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी। पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए पुस्तिका पर लगी कागज की सील को फाड़ लें। खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं। दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें। इसके लिए आपको पाँच मिनट दिये जायेंगे। उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा।**
   (iii) इस जाँच के बाद प्रश्न-पुस्तिका का नंबर OMR पत्रक पर अंकित करें और OMR पत्रक का नंबर इस प्रश्न-पुस्तिका पर अंकित कर दें।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (1), (2), (3) तथा (4) दिये गये हैं। आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है।

   **उदाहरण :** ① ② ● ④ जबकि (3) सही उत्तर है।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पुस्तिका के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं। यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिन्हांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, जैसे कि अंकित किये गये उत्तर को मिटाना या सफेद स्याही से बदलना तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं।
9. आपको परीक्षा समाप्त होने पर मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें। हालांकि आप परीक्षा समाप्ति पर मूल प्रश्न-पुस्तिका तथा OMR पत्रक की डुप्लीकेट प्रति अपने साथ ले जा सकते हैं।
10. **केवल नीले/काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है।**
12. **गलत उत्तरों के लिए कोई नकारात्मक अंक नहीं हैं।**

# NEPALI
# नेपाली
## PAPER - III
## प्रश्नपत्र - III

**Note :** This paper contains **seventy five (75)** objective type questions of **two (2)** marks each. **All** questions are **compulsory**.

**द्रष्टव्य :** यस प्रश्नपत्रमा **पचहत्तरवटा (75)** बहुविकल्पीय प्रश्न छन्। प्रत्येक प्रश्न **दुई (2)** अङ्कको छ। **सबै** प्रश्न **अनिवार्य** छन्।

1. 'प्रह्लाद' नाटकमा पति-पत्नीका सम्बन्धमा रहेका निम्नलिखित पात्र-पात्राहरू चिन्हित गर्नुहोस्।

| | **क** | | **ख** |
|---|---|---|---|
| (a) | संह्लाद | (i) | कृति |
| (b) | हिरण्यकशिपु | (ii) | रुधाभानु |
| (c) | अनुह्लाद | (iii) | कयाधु |
| (d) | हिरण्याक्ष | (iv) | सूर्म्या |

| | **(a)** | **(b)** | **(c)** | **(d)** |
|---|---|---|---|---|
| (1) | (i) | (iii) | (iv) | (ii) |
| (2) | (iv) | (ii) | (i) | (iii) |
| (3) | (iv) | (iii) | (i) | (ii) |
| (4) | (i) | (iv) | (ii) | (iii) |

2. 'सेभेन टाइप्स अव् एम्बिग्विटी' का लेखक र शब्दार्थतात्त्विक समालोचक विलियम इम्पसनले आफ्नो प्रेरणा स्रोत कसलाई मानेका छन्?

(1) क्रोचे। (2) बेन्थम। (3) कोम्ते। (4) रिचर्ड्स।

3. पहिले प्रकाशित भएकोबाट सुरु गरी पछि प्रकाशित भएको क्रममा निम्नलिखित पत्रिकाहरू चिन्हित गर्नुहोस्।

(a) शारदा

(b) रूपरेखा

(c) जन्मभूमि

(d) भारती

(1) (b), (a), (c), (d) (2) (c), (a), (b), (d)

(3) (c), (a), (d), (b) (4) (a), (c), (d), (b)

4. बनारसबाट प्रकाशित हुने 'सुन्दरी' मा प्रकाशित एउटा आख्यान 'सुन्दरीभूषण' हो भने निम्नलिखितमध्ये अर्को कुन हो ?

(1) सुलोचनावृत्तान्त। (2) विलासिनी। (3) प्रारब्धदर्पण। (4) महेन्द्रप्रभा।

5. कुनै काव्यकृतिमा व्यङ्ग्यार्थबोध नभएर त्यहाँ स्वशब्दवाच्यता भएमा त्यसलाई के भन्न सकिन्छ ?

(1) लक्ष्यार्थबोध। (2) रसदोष। (3) रसपरिपाक। (4) अलङ्कारदोष।

6. कुनै गाउँका युवकहरूले अर्का गाउँका युवतीहरूको समूहलाई उनका गाउँमा आई नाचगान गर्न निम्ता दिन्छन् र युवतीहरूको समूह त्यो निम्तो स्वीकार गरी नाचगानका लागि आउँछन्। यसरी भेला भई गाउने गीतलाई के भनिन्छ ?

(1) ख्याली। (2) रोइला। (3) सैरेली। (4) हाकपारे।

7. विभिन्न देशका विभिन्न भाषाभाषीहरूले अन्य देशका भाषाबाट कथाहरू लिएका छन् भनी मान्ने लोकसाहित्यको अध्ययन पद्धतिलाई के भनिन्छ ?

(1) सौर्य सिद्धान्त। (2) ग्रहण सिद्धान्त। (3) पदार्थात्मवाद। (4) प्रकार्यवाद।

8. नेपाली भाषामा प्रयुक्त वाग्धारा 'सयल गर्नु' ले तलको कुन अर्थ व्यक्त गर्छ ?

(1) घुमफिर गर्नु। (2) कसैको वास्ता नगर्नु।

(3) चैन गर्नु। (4) मन प्रसन्न गराउनु।

9. अकाल, पानीकुलो, देशनिकाला, पानदोकान – यी समस्त पदहरू कुन समास प्रक्रियाद्वारा बनिएका हुन् ?

(1) तत्पुरुष। (2) कर्मधारय। (3) अव्ययीभाव। (4) बहुब्रीहि।

10. ''टिस्टा नदी। बर्खामा भने यसलाई हेरिनसक्नु हुन्छ। त्यसै–त्यसै उर्लेर आउँछ। ह्वारर ढुङ्ग्रोबाट खन्याएको जस्तो पानी परेपछि पनि टिस्टा किन नबौलाउनु! बगरै ढाकेर आउँछ। त्यस समय यसको फिँजसमेत मैलो देखिन्छ। तर अहिले त यसलाई मै पनि एकै फन्कोमा नाघ्छु भने झैँ गरेर ठुलो कान्छा खोलालाई हेरिरहेको थियो।''

– माथिको विवरण कुन कृतिमा पाइन्छ ?

(1) 'मुलुक बाहिर' उपन्यास। (2) 'स्वास्नी मान्छे' कथा।

(3) 'टिस्टाको गडतीर' कथा। (4) 'टिस्टादेखि सतलजसम्म' उपन्यास।

11. 'ह्वारर' कस्तो शब्द हो ?

(1) द्वित्व। (2) ध्वन्यार्थक। (3) निपात। (4) अनुकरणात्मक।

**12.** तीनवटा भगण र अन्तिम दुई दीर्घ हुने छन्द कुन हो ?

(1) रथोद्धता। (2) दोधक। (3) वंशस्थ। (4) तोटक।

**13.** तलको कुनलाई नाट्यविधाका अठार उपरूपकमध्ये एउटा भेद अर्थात् नृत्यप्रधान एकाङ्की मानिएको छ ?

(1) हल्लीश। (2) मुद्रा। (3) अभिनय। (4) पुंच्छली।

**14.** 'हामीले माया मारे पहाडमा पहिरा जानेछन्
सुकेर खोला बालुवाभित्रै लुकेर बस्नेछन्।
रूखमा पात पहेंला बन्दै सुकेर झर्नेछन्।
डढेलो लागि जङ्गल सारा अङ्गार बन्नेछन्।
पृथ्वी बाँझी भएर खुम्ची पटपटी फुट्नेछन्
बादल तान्दै मुख छोपी हिमाल धरधरी रूनेछन्।'

– माथिको उद्धृतांश कुन कृतिबाट निकालिएको हो ?

(1) युद्ध र योद्धा। (2) घुम्ने मेचमाथि अन्धो मान्छे।
(3) अमरसिंह। (4) कारागारभित्र प्रतीक्षा।

**15.** 'बालबालिका र किशोर किशोरीहरू केही लामा कविताहरू भन्ने गर्छन्।' यस्ता लामा कवितालाई 'नेपाली लोकसाहित्य' पुस्तकमा के नामाकरण गरिएको छ ?

(1) बालगीत। (2) लघुछन्द कथा। (3) लोकगीत। (4) बालकथा।

**16.** भाषाशास्त्र र फ्रायडवादलाई सङ्घटित पार्ने विद्वान् को हुन् ?

(1) रोमन याकोब्सन। (2) ज्याक डेरिडा। (3) ज्याक्स लकान। (4) बेनेडिट्टो क्रोचे।

**17.** प्रसिद्ध युरोपेली विसङ्गतिवादी नाटककार युजिन आयनेस्को दोस्रो विश्वयुद्धपछि कुन समूहमा सामेल भए ?

(1) दादाइज्म। (2) सर्रियालिज्म।
(3) फ्र्याङफर्ट स्कुल। (4) कलेज दि प्याटाफिजिक्स।

**18.** 'यथार्थवाद वास्तविकताको अनुकरण नभई अनुकरणको पनि अनुकरण हो।'

– यो कसको मत हो ?

(1) लेवी स्त्रास। (2) ज्याक डेरिडा।
(3) रोलाँ बार्थ। (4) फर्दिनान्द दि सस्युर।

19. ''कविता भावनाको बौद्धिक कोमलता हो।''
- यो कसको टिप्पणी हो ?
(1) लक्ष्मीप्रसाद देवकोटा। (2) बालकृष्ण सम।
(3) गोपालप्रसाद रिमाल। (4) लेखनाथ पौड्याल।

20. ''चिन्ताबिनाको साहित्यिक प्रयास रहर स्वाङ मात्र हो, एउटा खेलाँची।''
- यो कसको टिप्पणी हो ?
(1) इन्द्रबहादुर राई। (2) कुमार प्रधान।
(3) राजनारायण प्रधान। (4) गणेशलाल सुब्बा।

21. पण्डित राहुल सांकृत्यायनले कसलाई 'नेपालको विश्वकोष' मानेका थिए ?
(1) योगी नरहरिनाथ। (2) पण्डित हेमराज।
(3) लक्ष्मीप्रसाद देवकोटा। (4) पण्डित सोमनाथ सिग्देल।

22. कोपेनहेगेन सम्प्रदायलाई अर्को कुन नामले चिनिन्छ ?
(1) प्राग सम्प्रदाय। (2) डेनिस सम्प्रदाय।
(3) जेनेभा सम्प्रदाय। (4) रसियाली सम्प्रदाय।

23. लक्ष्मीप्रसाद देवकोटा रचित खण्डकाव्य 'तिप्लिङ्गी' कुन परिवेशमा आधारित छ ?
(1) गासाइँकुण्ड र हेलम्बु। (2) बनारस र पटना।
(3) कलकत्ता र गोसाइँथान। (4) काठमाडौँ र झिल्टुङ।

24. उपर्युक्त खण्डकाव्यमा देवकोटाले कुन जातीय छन्द प्रयोग गरेको कुरा उल्लेख गरेका छन् ?
(1) झ्याउरे छन्द। (2) सवाई छन्द।
(3) पिपा छन्द। (4) कवित्त छन्द।

25. ''ओहो ! जङ्गली नरसिंहले
आन्द्रा भुँडी लुछी तानी रहेको छ घसी नङ-
हा, पश्चात्तापले ! यस्तो शून्य, यस्तो निराशता,
यस्तो निर्बलता, साह्रै चीसो चीसो र दुर्गम !''
- यो उद्धरण कुन कृतिबाट लिइएको हो ?
(1) नरसिंह अवतार। (2) प्रह्लाद।
(3) सुखसागर। (4) कृष्णचरित्र।

26. समूह '**क**' का भनाइ समूह '**ख**' का कुन कुन विद्वान्ले भनेका हुन्?

| | **क** | | **ख** |
|---|---|---|---|
| (a) | काव्यसृजनालाई अनुकूल हुने शब्दार्थको उपस्थिति नै प्रतिभा हो। | (i) | वामन |
| (b) | कवित्वको बीज नै प्रतिभा हो। | (ii) | अभिनवगुप्त |
| (c) | अपूर्व वस्तु निर्माण गर्ने क्षमता प्रतिभा हो। | (iii) | आनन्दवर्धन |
| (d) | अध्ययन तथा ज्ञानको कमीबाट भएको दोषलाई ढाकछोप गर्नु नै प्रतिभा हो। | (iv) | जगन्नाथ |

| | **(a)** | **(b)** | **(c)** | **(d)** |
|---|---|---|---|---|
| (1) | (iv) | (i) | (ii) | (iii) |
| (2) | (i) | (iv) | (iii) | (ii) |
| (3) | (iv) | (ii) | (i) | (iii) |
| (4) | (ii) | (i) | (iii) | (iv) |

27. प्रयुक्तिका तीनवटा प्रकार के के हुन्? चिन्हित गर्नुहोस्।
(1) औपचारिक, अनौपचारिक र तटस्थ। (2) कथ्य, लेख्य र घनिष्ट।
(3) विषयगत, माध्यमगत र सम्बन्धगत। (4) वाक् परिस्थिति, सङ्कथनको क्षेत्र र प्रयोगगत।

28. 'नव्य-इतिहासवाद' को बृहत्तर वृत्तभित्र पर्ने 'ग्रहण-सिद्धान्त' को विकास कसले गरेका हुन्?
(1) जर्ज लुकाच। (2) टेरी इगल्टन। (3) हान्स रबर्ट जौस। (4) इम्बर्टो इको।

29. तलका मध्ये कुन कथन सही हो?
(1) 'विनिर्माण' शब्दले 'वाचन' को एउटा विशेष परिपाटी वा वाचनाभ्यास भन्ने अर्थ बुझाउँछ।
(2) 'विनिर्माण' भन्नाले निर्मित ढाँचालाई भत्काउनु भन्ने अर्थ बुझिन्छ।
(3) 'विनिर्माण' भनेको विकासको प्रक्रियामा आइपर्ने विध्वंसक स्थिति हो।
(4) 'विनिर्माण' अस्तित्ववादी सिद्धान्तबाट प्रेरित विश्लेषण-प्रक्रिया हो।

30. 'लेखौँ सिरिमा, हाम्रो घर हो धौला गिरिमा
यो मायाँलाई भेट भा' को बेलुकी
रेसम गोली धागोले जेलूँ कि? लेखौँ सिरिमा।'
– 'लेखौँ सिरिमा' जस्ता शब्द र यसको दोहोरिँदो प्रयोगलाई नेपाली लोकगीतमा के भनिएको छ?
(1) भाका। (2) अन्तरा। (3) दोहोरी। (4) स्थायी।

31. नेपाली संस्कार गीत रत्यौलीको अर्को नाम के हो ?

(1) सगुन। (2) मागल। (3) ज्युँती। (4) करात।

32. 'दिक्काल निरन्तरताको आइन्स्टाइनेली धारणा जस्तै अमूर्तताको चौथो आयाम हो भविष्य साहित्यको निम्ति कल्पना।'
– माथिको अवधारणा कसले कुन साहित्यिक आन्दोलनका सन्दर्भमा प्रकट गरेका हुन् ?

(1) दुबसु छेत्रीले 'चौथो आयाम' साहित्यिक आन्दोलनका सन्दर्भमा।

(2) मनप्रसाद सुब्बाले 'किनाराका आवाज' को सन्दर्भमा।

(3) 'फविती' ले 'तरलवाद' का सन्दर्भमा।

(4) बैरागी काइँलाले 'तेस्रो आयाम' का सन्दर्भमा।

33. ''कवि बोलोस् जसरी चराहरू बोल्दछन् न कि जसरी वस्तादहरू कसरत गर्छन्। हृदयले हृदयलाई बोलाओस् कवितामा, न कि आडम्बरलाई।''
– लक्ष्मीप्रसाद देवकोटाको यो भनाइ उनको कुन निबन्धबाट निकालिएको हो ?

(1) श्रीगणेशाय नमः। (2) नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष।

(3) लेख्ने बानी। (4) कल्पना।

34. कुन उपन्यास युद्ध-विषयक होइन ?

(1) लड्न जन्मेकाहरू। (2) लुङ्खुम क्याम्प।

(3) तर कहिले। (4) लास।

35. 'जथाभावी शब्दहरूको प्रयोग गर्नु दृष्टिकोणको अपरिपक्वता मात्र नभएर उत्तरदायित्वहीनताको द्योतक पनि हो।'
– माथिको मत कुन साहित्यिक आन्दोलनको हो ?

(1) राल्फा। (2) बुट पालिस अभियान। (3) चौथो आयाम। (4) तेस्रो आयाम।

36. उत्तर-औपनिवेशिक समालोचना प्रणालीको मुख्य सौद्धान्तिक स्रोत चिन्हित गर्नुहोस्।

(1) रुसी रूपवाद, फ्रान्सेली संरचनावाद, स्त्रीत्ववाद।

(2) नवमार्क्सवाद, विसंरचनावाद, पौर्वत्यवाद।

(3) आदर्शवाद, प्रभाववाद, नवएरिस्टोटलवाद।

(4) विसङ्गतिवाद, यथार्थवाद, मार्क्सवाद।

37. ''आफनू, जानछ, खानछ, पढदछ, हिंडदछ, सानू, लामू, यसतो परिमार्जित योग्य रूपमा सजीली भाषा बनाउने तिर हामी किन नचलनू ?''

– माथिको वाक्य कसले कुन प्रसङ्गमा भनेका हुन् ?

(1) राममणि आदीले 'हलन्त वहिष्कार आन्दोलन' का प्रसङ्गमा।

(2) पूर्णप्रसाद ब्राह्मणले 'जयतु संस्कृतमं आन्दोलन' का प्रसङ्गमा।

(3) कोषराज रेग्मीले 'झर्रोवादी आन्दोलन' का प्रसङ्गमा।

(4) मुकुन्दशरण उपाध्यायले 'सरल र शुद्ध नेपाली लेखन अभियान' का प्रसङ्गमा।

38. तल '**क**' समूहका निबन्धहरू समूह '**ख**' का कुन लेखकले लेखेका हुन् ? सही उत्तर ठिम्म्याएर चिन्हित गर्नुहोस्।

| | **क** | | **ख** |
|---|---|---|---|
| (a) | अफसोस | (i) | पारसमणि प्रधान |
| (b) | सप्तकोशी | (ii) | रामकृष्ण शर्मा |
| (c) | अष्टावक्र | (iii) | अच्छा राई 'रसिक' |
| (d) | काठे झाँक्री | (iv) | हृदयचन्द्रसिंह प्रधान |

| | **(a)** | **(b)** | **(c)** | **(d)** |
|---|---|---|---|---|
| (1) | (ii) | (iv) | (i) | (iii) |
| (2) | (iii) | (i) | (ii) | (iv) |
| (3) | (i) | (iv) | (ii) | (iii) |
| (4) | (iv) | (iii) | (ii) | (i) |

39. तल दिइएका अवधारणाहरूमा कुन चाहिँ सस्युरेली अवधारणाभित्र पर्दैन ?

(1) भाषा र वाक्। (2) विन्यासक्रमिक तथा सहचारक्रमिक।

(3) कथ्य र अभिव्यक्ति। (4) वस्तु र रूप।

40. ''पहिलेदेखिन्कै माया छँदै थियो। झन् छोरोजस्तो पाएपछि थपिएला भनेको त निठुरी पापीले अर्कीलाई पो ल्याएर घरभित्र हुलिदियो। अनि घरमा म टिक्नै सकिनँ।''

– 'मसान' बाट उद्धृत गरिएको उक्त संवाद भन्ने पात्र को हो ?

(1) दुलही। (2) युवती। (3) बाग्मती। (4) सासू।

41. ''उजिरमानको अघिल्लो विवाह कोसित भएको थियो भन्न सकिन्न, न त उबाट कुनै जयजन्म नै भएको थियो। किनारा लाग्ने बेलामा उजिरमानलाई कान्छी ल्याउनुपरेको, कि त मर्दा दागबत्ती झोस्ने कोई छैन भनेर हो वा त बुढेसकालमा साथीको आवश्यकता देखेर हो वा पुतलीको सौन्दर्यले खिँचिएर हो, उ आफै जानोस्।''

– उक्त अनुच्छेदमा चित्रित 'उजिरमान' पात्र कुन कथामा पाइन्छ ?

(1) सिन्दूर पोते। (2) ज्यानमारा (3) बिदा। (4) फुकेको बन्धन।

42. संस्कृत व्याकरणका 'मुनित्रय' कसलाई भनिन्छ ?

(1) पाणिनि, भर्तृहरि र वरदराज। (2) पाणिनि, पतञ्जलि र भर्तृहरि।

(3) पाणिनि, वामन र जितेन्द्रबुद्धि। (4) पाणिनि, कात्यायन र पतञ्जलि।

43. ''स्कूलको छुट्टी भयेपछि घर आइ मकै बारीका कत्ति चिउलाहरू फाँडें। भात तिहुन पकाइ राखें। पानी भरि राखें। अब जहानहरू कमान बाटो आये यस बेलुका घरमां बाआ अरु जहान ता चुप। तर सानी आमांले चइ मेरो मुटुमां कर्द रोपिन।''

– माथिको गद्यांश कुन निबन्धकारका निबन्धबाट उद्धृत गरिएको हो ?

(1) सूर्यविक्रम ज्ञवालीको 'रसमय नेपाली जीवन'

(2) विश्वेश्वरप्रसाद कोइरालाको 'मेरो जीवनकथा'

(3) मित्रसेन थापाको 'जीवनयात्रा'

(4) पाद्री गङ्गाप्रसाद प्रधानको 'स्कूलजीवन'

44. भारतीय आर्यभाषाहरूको तुलनात्मक विकासमाथि पहिलो आधिकारिक ग्रन्थ 'ए कम्प्याराटिभ ग्रामर अव् द मर्डर्न आर्यन ल्याङ्वेज अव् इन्डिया' का लेखक को हुन् ?

(1) जर्ज ग्रियर्सन। (2) गौरीशंकर हीराचन्द ओझा।

(3) जोन बिम्स। (4) रामकृष्ण गोपाल भण्डारकर।

45. ''जीवन सत्य र असत्यको एक द्वन्द्व हो, आरोह र अवरोहको एक चक्र हो। यो त्यही जीवन चक्रको कथा हो र अन्धकार र असत्यसँग पहिलो जीवन र जातिका प्रथम योद्धा प्रमिथसले लडेका थिए।''

– यो समालोचकीय मन्तव्य कसले गरेका हुन् ?

(1) राममणि रिसाल। (2) कुमारबहादुर जोशी।

(3) वासुदेव त्रिपाठी। (4) चूडामणि बन्धु।

46. सन्दर्भ–विशेषमा अर्थद्योतनका दृष्टिले पूर्ण हुने तर्कपूर्ण, क्रमयुक्त र आफैमा आन्तरिक रूपले सम्बद्ध तथा एकाधिक वाक्यहरूको व्यवस्थित एकाइलाई के भनिन्छ ?

(1) पदबन्ध। (2) संरूप। (3) प्रोक्ति। (4) अन्वय।

47. 'बुइँगल' मा सङ्ग्रहित र अनुमानित इस्वी सन् 1838 तिर रचिएको तथा अङ्ग्रेजी स्रोतबाट अनूदित प्राथमिककालीन कविता कुन हो ?

(1) भीमसेन थापा। (2) माथवरसिंह थापा।
(3) जङ्गबहादुरको मृत्यु। (4) जनरैल खसम प्रभु।

48. ''म यहाँ कवितात्मक नाटककार बनेको हुँला अथवा पद्यात्मक उपन्यासकार।''

– यो कुन कृतिका बारेमा कसको मन्तव्य हो ?

(1) 'शिरीषको फूल' बारे पारिजातको। (2) 'छेकुडोल्मा' बारे मञ्जुल राल्फाको।
(3) 'सुलोचना' बारे लक्ष्मीप्रसाद देवकोटाको। (4) 'गौरी' बारे माधव घिमिरेको।

49. कण्ठ, तालु आदि स्थानमा वायुबाट प्रभावित भएर वर्णको रूप धारण गर्ने वाणीलाई के भनिन्छ ?

(1) परा। (2) पश्यन्ती। (3) मध्यमा। (4) वैखरी।

50. ''यी फुस्रामा मेरो श्रद्धा पनि छैन र जहाँसम्म साहित्यको पिरश्न छ त्यो होला जस्तो लाग्दैन।''

– जोसमनी सम्प्रदायबारे यो कसको मन्तव्य हो ?

(1) राहुल सांकृत्यायन। (2) रामकृष्ण शर्मा।
(3) शरद्चन्द्र शर्मा। (4) ताना शर्मा।

51. ''अब सन्तुः सत्गुरु वोषति ल्याई
भवरोग विविधा लागि सब जन रोगि
वषति पेवैकायाजन कि सब रोगि मेरे भाई
वेद विदारण वात्त जराकि बूटिपाई
बुधिके फूलतोडि स्वकमलकि पातमा ल्याई
कृश्न कृश्न रटतौ हैं उदाशि घोट लगाई।''

– यस काव्यांशमा प्रयुक्त भाषा कुन हो ?

(1) खस। (2) मैथिली। (3) सधुक्कडी। (4) जोनपुरी।

52. ''दशौँ वर्षमा प्राथमिक कालका पतञ्जलि गजुर्‍यालका शैलीमा 'इस्सोर' भन्ने कविता उहाँले कथ्नुभयो।''
– बालकृष्ण समबारे यो भनाइ कुन समालोचकको हो ?

(1) कृष्णचन्द्रसिंह प्रधान।
(2) हृदयचन्द्रसिंह प्रधान।
(3) रत्नध्वज जोशी।
(4) ईश्वर बराल।

53. तलका मध्ये कुन कृतिले साझा पुरस्कार र मदन पुरस्कार दुईवटै प्राप्त गरेको थियो ?

(1) पारिजातको 'तोरीबारी बाटा र सपनाहरू'
(2) भवानी भिक्षुको 'आगत'
(3) ताना सर्माको 'घोत्ल्याइँहरू'
(4) पारसमणि प्रधानको 'टिपनटापन'

54. अन्तर्भाषिक, अन्तर्भाषीय र अन्तर्सङ्केतक जस्ता अनुवादका प्रकारहरूको वर्गीकरण गर्ने भाषाशास्त्री को हुन् ?

(1) मुकारोव्स्की।
(2) माइकल रिफातियर।
(3) रोमन याकोब्सन।
(4) रोलाँ बार्थ।

55. शब्दलाई नै काव्य मान्ने शब्दप्राधान्यवादी आचार्य को को हुन् ?

(1) दण्डी, जगन्नाथ।
(2) वामन, हेमचन्द्र।
(3) भामह, रुद्रट।
(4) मम्मट, भोज।

56. तलका पदका समास चिन्हित गर्नुहोस्।

| | क | | ख |
|---|---|---|---|
| (a) | बाटोखर्च | (i) | द्वन्द्व समास |
| (b) | गुरुचेला | (ii) | तत्पुरुष समास |
| (c) | दोबाटो | (iii) | बहुब्रीहि समास |
| (d) | हात्तीपाइले | (iv) | द्विगु समास |

| | (a) | (b) | (c) | (d) |
|---|---|---|---|---|
| (1) | (iii) | (i) | (ii) | (iv) |
| (2) | (i) | (iv) | (iii) | (ii) |
| (3) | (iii) | (ii) | (iv) | (i) |
| (4) | (ii) | (i) | (iv) | (iii) |

57. 'कविताभित्र म सत्य खोज्छु
कविताभित्र ननिभ्ने आगो देख्छु
कविताभित्र म क्रान्तिको आह्वान पाउँछु।'
–यसो भन्ने कवि को हुन् ?

(1) वीरेन्द्र।
(2) गोपालप्रसाद रिमाल।
(3) असीत राई।
(4) विकास गोतामे।

58. तलका अलङ्कार र तिनका परिभाषा मिलाएर चिन्हित गर्नुहोस्।

| | क | | ख |
|---|---|---|---|
| (a) | अतिशयोक्ति | (i) | उपमानभन्दा उपमेयमा गुण बढ्ता हुँदा। |
| (b) | अपन्हुति | (ii) | उपमेय र उपमानमा उपमेयको मात्रा उल्लेख गरेर त्यसमा उपमानको एकरूपता देखाउँदा। |
| (c) | व्यतिरेक | (iii) | उपमानमा उपमेयको सादृश्य हुनाले उही हो कि भन्ने भ्रम हुँदा। |
| (d) | भ्रान्ति | (iv) | उपमेयको निषेध गरेर उपमानको आरोप गर्दा अर्थात् कुनै वस्तुको निषेध गरेर अर्कै वस्तु हो भनी वर्णन गर्दा। |

| | **(a)** | **(b)** | **(c)** | **(d)** |
|---|---|---|---|---|
| (1) | (iii) | (i) | (iv) | (ii) |
| (2) | (ii) | (iv) | (i) | (iii) |
| (3) | (i) | (iv) | (iii) | (ii) |
| (4) | (iv) | (iii) | (i) | (ii) |

59. महाकाव्य वा खण्डकाव्य दुवैको रूप नलिएर कथानक नभई कुनै वर्णनात्मक आदि रूपमा रहेको काव्यलाई कस्तो काव्य भनिन्छ ?

(1) चम्पूकाव्य।
(2) कोषकाव्य।
(3) नव्यकाव्य।
(4) विरुदकाव्य।

60. अमेरिकाको ओरेगन र क्यालिफोर्निया क्षेत्रका प्राय: 25 वटा भाषा परिवारलाई कुन कुन शाखामा विभाजित गरिएको छ ?

(1) पेनुटियन र होकान।
(2) नाचेज-मुस्कागियन र इरोक्वियन।
(3) एङ्गोन्क्वियन र सिओयुन।
(4) उटो-अजटेकन र मायन।

61. ''हामरी नेपाली भाषामा न कोई वेश व्याकरण छ, न कोई वेश कोश छ, न कोई विशेष उपयोगी विषयका पुस्तकहरू छापीयाका छन्, ती सब अभावको पनि यथासंभव पूर्ति गर्ने विचार गरदछु।''
– माथिको कथन कसको हो ?

(1) पारसमणि प्रधान।
(2) सूर्यविक्रम ज्ञवाली।
(3) ऋद्धिबहादुर मल्ल।
(4) राममणि आदी।

62. माथिको गद्यांशले कुन भाषिक–आन्दोलनलाई सङ्केत गर्दछ ?

(1) हलन्त वहिष्कार आन्दोलन।

(2) भारतमा नेपाली भाषाको संवैधानिक मान्यताको प्राथमिक चरणको सङ्घर्ष।

(3) जिम्दो नेपालि भासा लेखन।

(4) सजिलो लेखन।

63. अमेरिकाली नवएरिस्टोटलवादका संस्थापकहरू को को हुन् ?

(1) रेने वेलेक र अस्टिन वारेन।
(2) जिन बाउडिलार्ड र जिनफ्र्यान्कोइस लाइओतार्द।
(3) वाल्टर पेटर र बेन्जामिन पिरे।
(4) आर ए क्रेन र रिचर्ड मेकिअन।

64. अन्त्यमा व्यञ्जन भएका 'घर', 'छर', 'बल' आदि अक्षरलाई के भनिन्छ ?

(1) बद्धाक्षर। (2) मुक्ताक्षर। (3) आगमन। (4) आपरिवर्तन।

65. 'आभ्यान्तर' शब्द परिवर्तन भई 'भित्र' बनिने प्रक्रियालाई के भनिन्छ ?

(1) अन्त्यस्वरलोप। (2) आदिव्यञ्जनलोप। (3) आदिस्वरलोप। (4) मध्यव्यञ्जनलोप।

66. तलका मध्ये कुन कथन सही होइन ?

(1) स्वनिम भाषाका लघुतम खण्डीय एकाई हो।

(2) स्वनिमले समान ध्वनिको प्रतिनिधित्व गर्दछ।

(3) स्वनिममा अर्थ–परिवर्तन गर्ने शक्ति हुँदछ।

(4) स्वनिम समीपवर्ती ध्वनिबाट प्रभावित हुँदछ।

67. अभिनयका चार प्रकारहरूमा 'आहार्य' भन्नाले के बुझिन्छ ?

(1) मिल्दो वेष, भूषा र शृङ्गारहरूको प्रदर्शन।

(2) तत्तत्समयका मनोभावलाई अभिव्यञ्जन गर्ने आकृति वा चेष्टाहरू।

(3) मिल्दो भाषा, छन्द, बोली, शब्द, स्वर आदि व्यापार।

(4) नेपथ्य पात्रसँगको संवाद बुझाउने तत्त्वादि।

68. नवसमालोचना पदको प्रथम प्रयोग कसले गरेको मानिन्छ ?

(1) एलेन टेट।
(2) जोन स्पिनगार्न।
(3) जोन क्रो न्यानसम।
(4) विलियम विम्साट।

69. ''गुरुप्रसाद मैनालीलाई नेपाली कथाका लियोनार्दो दा भिन्ची मान्ने हो भने 'परालको आगो' कथा उनको 'मोनालिसा' भने हुन्छ।''

- यो कसको भनाइ हो ?

(1) ईश्वर बराल। (2) दयाराम श्रेष्ठ 'सम्भव'।

(3) वासुदेव त्रिपाठी। (4) घनश्याम नेपाल।

70. तलका भनाइहरूमध्ये कुन चाहिँ सही हो ?

(1) लक्ष्मीप्रसाद देवकोटा दार्जिलिङ पुगे तापनि कालेबुङ पुगेका थिएनन्।

(2) शिवकुमार राई पश्चिम बङ्गालको विधानसभा चुनाउमा विजयी भए तर कहिल्यै मन्त्री भएनन्।

(3) रूपनारायण सिंहले विधानसभाको सदस्यताका निम्ति चुनाउ लडे तर विजयी भएनन्।

(4) पारसमणि प्राधानले आफ्नै जन्मथलो कालेबुङबाट चन्द्रिका पत्रिकाको प्रकाशन सुरु गरेका थिए।

71. ''चार दामको उत्पत्ति छैन चार आनाको खर्च

कानि खाई बिग्रन लागे नेपाली सबै भ्रष्ट।

अछामको नेपाली भाषा केरालाई कोल

कानि नखाई सकिन्न भन्छ दुनिआलोक।''

- यो कसको काव्यकृतिबाट उद्धृत गरिएको हो ?

(1) कृष्णबहादुर उदासकृत 'अछामको सवाई'।

(2) आत्माराम मगर थापाकृत 'भैंचालाको सवाई'।

(3) धनवीर भँडारीकृत 'अब्बर पहाडको सवाई'।

(4) गजवीर रानकृत 'नागा हिल्सको सवाई'।

72. मित्रलाभ, विग्रह, सुहृद्भेद र सन्धि गरी चारवटा प्रकरण दृष्टान्तीकृत भएको नेपाली उपन्यास कुन हो ?

(1) चक्र-परिक्रम। (2) वीरचरित्र।

(3) प्रारब्धदर्पण। (4) अग्निदत्त+अग्निदत्त।

**73.** तलका मध्ये कुन भाषा द्रविड परिवारभित्र पर्छ ?

(1) कुरुख।  (2) चुकची।  (3) मलय।  (4) मुन्डा।

**74.** ''जसरी कुनै पनि विज्ञान गणितको सीमाभन्दा बाहिर जान सक्तैन उसरी नै कुनै पनि साहित्यशास्त्र त्यस भाषाको भाषाविज्ञानभन्दा पर जान सक्तैन।''

– भाषाको विशिषिट रूप र प्रकृतिका विषयमा यो कसको मन्तव्य हो ?

(1) हेनरी माटिस्से।  (2) ह्यारल्ड ह्वाइटहल।

(3) हर्वर्ट ग्रियर्सन।  (4) ह्यान्स रोबर्ट जस।

**75.** 'भानुभक्तदेखि तेस्रो आयामसम्म' पुस्तकका लेखक ताना सर्मा हुन् भने 'सुवानन्ददेखि शम्भुप्रसादसम्म' पुस्तकका लेखक को हुन् ?

(1) शरद्‌चन्द्र शर्मा।  (2) ईश्वर बराल।  (3) रत्नध्वज जोशी।  (4) गणेशबहादुर प्रसाईँ।

- o 0 o -

**Space For Rough Work**